# बारम्बार सोधिने प्रश्नहरू: स्कुल पेन्डेमिक EBT (P-EBT)
# -र-
# स्कुल जाने विद्यार्थीहरूका लागि समर P-EBT (**नयाँ !)

2020-2021 स्कुल वर्ष (*जुन 3, 2021*)

---

**प्रश्न 1: P-EBT भनेको के हो ?**
जवाफ: यो COVID-19 सँग सम्बन्धित कारणहरूले गर्दा स्कुल बन्द भएर प्रभावित भएका परिवारहरूलाई मद्दत गर्न सङ्घीय सरकारद्वारा स्वीकृत गरिएको अस्थायी खाद्य सुविधा हो ।

---

**प्रश्न 2: P-EBT सुविधाका लागि को योग्य हुन्छ ?**
जवाफ: नेसनल स्कुल लन्च प्रोग्राम (राष्ट्रिय स्कुल भोजन कार्यक्रम) अन्तर्गत स्कुलमा सामान्यतया निःशुल्क वा शुल्क घटाइएको रकममा भोजन प्राप्त गर्ने विद्यार्थी भएका भर्मोन्टका घरपरिवारहरू । यदि विद्यार्थीले महिनाको अधिकांश सिकाइ अनलाइन वा हाइब्रिड सिकाइ मोडेलमार्फत प्राप्त गरेका थिए/गरेकी थिइन् भने सुविधाहरू एक महिनाका लागि उपलब्ध हुन्छन् ।

---

**प्रश्न 3. मैले मेरो परिवार योग्य छ कि छैन भनेर कसरी थाहा पाउन सक्छु ?**
जवाफः तपाईंको विद्यार्थीको स्कुलले राज्यद्वारा उपलब्ध गराइएका मापदण्डअनुसार तपाईंको विद्यार्थी योग्य छन् कि छैनन् भनेर निर्धारण गर्नेछ । स्कुलले आफूसँग फाइलमा सही जानकारी छ भनेर सुनिश्चित गर्न तपाईंलाई सम्पर्क गर्न सक्नेछ । कृपया उक्त अनुरोधको जवाफ दिनुहोला । यदि तपाईं योग्य हुनुहुन्छ भने तपाईंले कसरी र कहिले सुविधा प्राप्त गर्नुहुनेछ भनेर वर्णन गरिएको DCF बाट पत्र प्राप्त गर्नुहुनेछ ।

---

**प्रश्न 4: यदि हामी योग्य छौं भने हामीले यी सुविधाहरू कसरी प्राप्त गर्नेछौं ?**
जवाफ: यदि तपाईंले हाल EBT कार्डमा 3SquaresVT प्राप्त गरिरहनुभएको छ भने तपाईंलाई सोही कार्डमा P-EBT सुविधा जारी गरिनेछ । अन्यथा तपाईंले विशेष P-EBT कार्ड प्राप्त गर्नुहुनेछ । यदि तपाईंले 2020-2021 स्कुल वर्षको लागि पहिले नै P-EBT कार्ड पाइसक्नुभएको छ भने सुविधाहरू यही कार्डमा थपिने भएकाले कृपया यो कार्ड सुरक्षित राख्नुहोस् । कृपया सङ्घीय *फ्यामिलिज फर्स्ट कोरोनाभाइरस रेस्पोन्स एक्ट (पहिलो प्राथमिकता परिवार सम्बन्धी कोरोनाभाइरस प्रतिकार्य ऐन)* ले तपाईंको बच्चाको स्कुललाई यस प्रयोजनका लागि डिपार्टमेन्ट फर चिल्ड्रेन एण्ड फ्यामिलिज (DCF) (बालबालिका तथा परिवार विभाग) सँग आवश्यक पर्ने तथ्याङ्क प्रदान गर्ने अधिकार प्रदान गरेको छ भन्ने कुरा याद राख्नुहोस् ।

---

**प्रश्न 5: मैले गत स्प्रिङ (वसन्त सत्र) 2020 मा P-EBT कार्ड प्राप्त गरेको थिएँ तर मसँग अहिले उक्त कार्ड छैन । के त्यसले गर्दा कुनै समस्या आउँछ ?**
जवाफ: आउन्न । नयाँ कार्डहरू 2020-2021 स्कुल वर्षको लागि जारी गरिएको हो । यदि तपाईंले आफ्नो सुविधा विशेष P-EBT कार्डमा प्राप्त गर्दै हुनुहुन्छ भने कृपया तपाईंले प्राप्त गर्ने नयाँ कार्ड आफूसँगै सुरक्षित

राख्नुहोस् । यो स्कुल वर्षमा एउटाभन्दा बढी चरणमा भुक्तानी गरिने भएकाले अतिरिक्त सुविधाहरू थपिन सक्छन् ।

---

**प्रश्न 6: मैले मेरो नयाँ P-EBT कार्ड पाएको थिएँ तर मैले उक्त कार्ड हराएँ, बाहिर फ्याकें, चोरी भयो वा नष्ट भयो । मैले अब के गर्नु पर्छ ?**

जवाफ: त्यो कार्डको सट्टामा नयाँ कार्ड प्राप्त गर्नका लागि कृपया ESD मा 1-800-479-6151 मा फोन गरी विकल्प 7 छानेर P-EBT विशेषज्ञसँग कुरा गर्नुहोस् ।

---

**प्रश्न 7: सुविधाहरू कहिले जारी गरिनेछ ?**

जवाफ: पहिलो चरणको सुविधाहरू (सेप्टेम्बर 2020 - फेब्रुअरी 2021 का लागि) अप्रिल 2021 मा जारी गरिएको थियो । मार्च - जुन 2021 का लागि सुविधाहरू 2021 को जुलाई महिनाको अन्त्यतिर जारी गरिने अपेक्षा गरिएको छ । यी मितिहरू परिवर्तन हुन सक्नेछन्, कृपया अद्यावधिक FAQs का लागि यो साइट हेरिराख्नुहोला ।

---

**प्रश्न 8: P-EBT सुविधा कति मूल्य बराबरको हुन्छ ?**

जवाफ: सुविधा तपाईंको विद्यार्थीको दिइएको महिनाको सिकाइ मोडलमा आधारित रहन्छ:

- अनलाइन मार्फत पढाइ हुने महिनाका लागि $119.35 दिइने छ ।
- हाइब्रिड तरिकाले पढाइ हुने महिना (केही दिन स्कुलमा गएर, केही दिन अनलाइन मार्फत पढाइने) का लागि आंशिक सुविधा । *सेप्टेम्बरदेखि फेब्रुअरी 2021 सम्म आंशिक सुविधा प्रति महिना $71.61 थियो । स्कुलहरू वसन्त याममा अझ बढी इन-पर्सन अध्ययनमा फर्केका हुनाले मार्च - जुन 2021 का लागि आंशिक लाभहरू पहिलोको तुलनामा कम छन्:*
    - मार्च $38.19
    - अप्रिल $37.51
    - मे $$33.42
    - जुन $30.69
- व्यक्तिगत रूपमा स्कुलमा उपस्थित भएर अध्ययन गरिने महिनाका लागि कुनै पनि सुविधा दिइने छैन ।

---

**प्रश्न 9: के परिवारमा जति जना बच्चा भए पनि सबैले समान P-EBT सुविधा पाउँछन् ?**

जवाफ: होइन । हरेक विद्यार्थीको पठनपाठनको मोडेल र नि:शुल्क तथा शुल्क घटाइएको भोजनका लागि सो विद्यार्थीको योग्यताका आधारमा सुविधा गणना गरिन्छ । सुविधा विद्यार्थीपिच्छे फरक-फरक हुन सक्नेछ ।

---

**प्रश्न 10: मेरो विद्यार्थीको संरक्षकत्व दुईवटा घरपरिवारमा बाँडिएको छ । सुविधा कसले प्राप्त गर्छ ?**

जवाफ: विद्यार्थीको स्कुलले घरमुलीको रूपमा सूचीकृत गरेको वयस्कको घरपरिवारमा सुविधा पठाइनेछ । सो व्यक्ति विद्यार्थीका लागि नि:शुल्क तथा शुल्क घटाइएको भोजनका निम्ति आवेदन बुझाउने वयस्क

व्यक्ति वा स्कुलको प्रणालीमा मुख्य सम्पर्क व्यक्तिको रूपमा सूचीकृत वयस्क व्यक्ति हुन सक्नेछन् । स्कुलले घरमुलीको रूपमा कसलाई सूचीकृत गर्ने भन्ने बारेमा पुष्टि गर्नका लागि परिवारहरूलाई फेब्रुअरीमा गरेको थियो । यदि घरमुलीसम्बन्धी विवरण अद्यावधिक गर्नुपर्ने छ भने कृपया स्कुलमा सम्पर्क गर्नुहोस् ।

**प्रश्न 11: मैले यो सुविधाबाट के-के खरिद गर्न सक्छु ?**
जवाफ: USDA को वेबसाइटमा गई योग्य खाद्यान्न सामग्रीहरूको सूची हेर्नुहोस् ।

**प्रश्न 12: मैले मेरो P-EBT कार्ड कहाँ प्रयोग गर्न सक्छु ?**
जवाफ: तपाईं यो कार्ड 3SquaresVT स्वीकार गर्ने कुनै पनि स्थानमा खाद्यान्न खरिद गर्नका लागि प्रयोग गर्न सक्नुहुन्छ । यसमा ग्रोसरी स्टोर, सुपरमार्केट, कन्भेनियन्स स्टोरहरू र भर्मोन्टका धेरै कृषक बजारहरू पर्दछन् । तपाईं DCF को EBT वेबपेजमा गई यसबारे थप जानकारी पाउन सक्नुहुन्छ ।

**प्रश्न 13: स्कुलमा पढ्ने मेरो कुनै बच्चा छैन । के मैले यो सुविधा प्राप्त गर्छु ?**
जवाफ: गर्नुहुन्न । यो सुविधा नेसनल स्कुल लन्च प्रोग्राम (राष्ट्रिय स्कुल भोजन कार्यक्रम) मार्फत स्कुलमा सामान्यतया नि:शुल्क तथा शुल्क घटाइएको भोजन प्राप्त गर्ने र अहिले अनलाइन पठनपाठन वा हाइब्रिड पठनपाठन मोडेलले गर्दा घरमा नै भोजन खान कठिन पर्ने बच्चाहरू भएका परिवारका लागि मात्र हो ।

**प्रश्न 14: के यो सार्वजनिक स्कुलमा पढ्ने बच्चाहरूका लागि मात्र हो ?**
जवाफ: होइन । केही स्वतन्त्र स्कुलहरू नेसनल स्कुल लन्च प्रोग्राममा सहभागी हुन्छन् र ती स्कुलमा पढ्ने बच्चाहरू पनि यस सुविधाका लागि योग्य हुन सक्नेछन् । यद्यपि, धेरै स्वतन्त्र स्कुलहरू नेसनल स्कुल लन्च प्रोग्राममा सहभागी छैनन् र ती स्कुलमा पढ्ने बच्चाहरू यस सुविधाका लागि योग्य हुँदैनन् ।

**प्रश्न 15: सामुदायिक योग्यता प्रावधान (CEP) वा प्रावधान 2 प्रयोग गरेर सबै विद्यार्थीहरूलाई नि:शुल्क ब्रेकफास्ट (नास्ता) तथा लन्च (खाना) प्रदान गर्ने स्कुलहरूका हकमा के हुन्छ ?**
जवाफ: यी स्कुलहरूमा सबै विद्यार्थीहरूले आफूले हाइब्रिड वा अनलाइन पठनपाठन मोडेलमा अध्ययन गरेको महिनाका लागि P-EBT सुविधा प्राप्त गर्नेछन् । तपाईंले AOE को वेबसाइटमा गई यी स्कुलहरूको सूची हेर्न सक्नुहुन्छ ।

**प्रश्न 16: मेरो बच्चाको स्कुलमा प्राय: सबैजनाले प्रावधान 2 मार्फत नि:शुल्क ब्रेकफास्ट प्राप्त गर्छन् । के सबै जनाले P-EBT सुविधा प्राप्त गर्नेछन् ?**
जवाफ: होइन । प्रावधान 2 वा CEP प्रयोग गरेर नि:शुल्क रूपमा सामान्यतया ब्रेकफास्ट तथा लन्च दुवै प्रदान गर्ने स्कुलहरूमा मात्र विद्यार्थीहरूका लागि सुविधा उपलब्ध हुन्छ । यदि तपाईंको स्कुलले प्रावधान 2 प्रयोग गरेर सामान्यतया नि:शुल्क ब्रेकफास्ट मात्र प्रदान गर्छ भने P-EBT का लागि योग्यता हरेक विद्यार्थीको नि:शुल्क तथा शुल्क घटाइएको लन्चका लागि योग्यताका आधारमा हुनेछ ।

**प्रश्न 17: यो वर्ष हाम्रो स्कुलले सबै बच्चाहरूलाई नि:शुल्क भोजन प्रदान गरिरहेको छ । के त्यसको अर्थ सबै विद्यार्थीहरूले यो सुविधा प्राप्त गर्नेछन् भन्ने हो ?**

जवाफ: होइन। यदि तपाईंको विद्यार्थीको स्कुलले CEP वा प्रावधान 2 मार्फत सामान्यतया "युनिभर्सल मिल्स (सर्वव्यापी भोजन)" प्रदान गर्दैन भने सुविधाको योग्यता हरेक विद्यार्थीको नि:शुल्क तथा शुल्क घटाइएको भोजनका लागि योग्यताका आधारमा हुनेछ। स्कुलहरूले USDA को समर फुड सर्भिस प्रोग्राम (ग्रीष्मकालीन खाद्य सेवा कार्यक्रम) प्रयोग गएर यो वर्ष सबै बच्चाहरूलाई नि:शुल्क भोजन प्रदान गर्न सक्नेछन् तर यसले स्कुलमा पढ्ने सबै विद्यार्थीहरूलाई P-EBT का लागि योग्य गराउँदैन।

**प्रश्न 18: मेरो बच्चालाई यस वर्ष स्कुलमा भर्ना नगराई घरमा आफैं पढाउँदै छौं। के हामी सुविधाका लागि योग्य हुन्छौं ?**

जवाफ: हुनुहुन्न। P-EBT सुविधा भनेको सामान्यतया नेसनल स्कुल लन्च प्रोग्राममा सहभागी रहेको स्कुलमा भर्ना भएका विद्यार्थीका लागि मात्र उपलब्ध हुन्छ। यो सुविधा अनलाइन कक्षामा अध्ययन गरिरहेका विद्यार्थीहरूका लागि उपलब्ध छ तर यो वर्ष आफ्नो स्कुलबाट नाम कटाएर घरमै अध्ययन गर्ने भनेर नाम दर्ता गराएका विद्यार्थीहरूका लागि भने उपलब्ध छैन। घरमै अध्ययन गर्ने भनेर नाम दर्ता गराएका विद्यार्थीहरूले अझै पनि खुला भोजन स्थलहरूबाट भोजन प्राप्त गर्न सक्नेछन्। आफू नजिक रहेको खुला भोजन स्थल पत्ता लगाउनका लागि USDA को मिल फाइन्डर (भोजन खोजी) मा जानुहोस्।

**प्रश्न 19: मैले मेरो बच्चाको खाना हाम्रो स्कुलको *ग्र्याब एण्ड गो* स्थलबाट लिँदै आइरहेको छु वा उनीहरूले नै हामीलाई ल्याउँदै आएका छन्। यदि मैले P-EBT सुविधा प्राप्त गरेँ भने मैले त्यसो गर्न बन्द गर्नुपर्छ ? के त्यसले हामीलाई सुविधाका लागि अयोग्य बनाउँछ ?**

जवाफ: बनाउँदैन। अनलाइनमार्फत पठनपाठन गर्ने दिनमा भोजन प्राप्त गर्ने विद्यार्थीहरू पनि P-EBT सुविधाका लागि योग्य नै रहनेछन्। तपाईंले त्यो भोजन प्राप्त गर्दै यो सुविधाका लागि पनि योग्य रहन सक्नुहुन्छ।

**प्रश्न 20: स्कुलमा भर्ना नभएका मेरा अरू बच्चाहरू पनि छन्। के उनीहरू सुविधाका लागि योग्य हुन्छन् ?**

जवाफ: हुँदैनन्। यो सुविधा सामान्यतया नेसनल स्कुल लन्च प्रोग्राममा सहभागी रहेको स्कुलमा भर्ना रहेका बच्चाहरूका लागि मात्र उपलब्ध हुन्छ। चाइल्डकेयर सुविधाहरूका लागि कुन बच्चाहरू योग्य हुन्छन् भनेर जान्न कृपया चाइल्डकेयर P-EBT FAQs हेर्नुहोस्।

**प्रश्न 21: P-EBT कार्ड कस्तो देखिन्छ ?**

A. कार्डको अगाडिको भागको नमुना यहाँ दिइएको छ।




P-EBT
VT कार्डधारक

---

**प्रश्न 22: मैले किन मेरो सोसियल सेक्युरिटी (सामाजिक सुरक्षा) नम्बर नभएर अन्य नम्बर भएको पत्र प्राप्त गरेको छु ?**

जवाफ: यदि तपाईंले P-EBT प्राप्त गर्नुभएको छ भने ESD ले तपाईंको कार्ड एक्टिभेट गर्ने प्रयोजनका लागि एउटा "नक्कली सोसियल सेक्युरिटी नम्बर" बनाइदिएको हो। कृपया आफ्नो कार्ड एक्टिभेट गर्न पत्रमा उल्लेख गरिएको सोसियल सेक्युरिटी नम्बर (आफ्नो वास्तविक सोसियल सेक्युरिटी नम्बर होइन) को प्रयोग गर्नुहोस् र यी निर्देशहरूको पालन गर्नुहोस्:

कार्ड एक्टिभेट गर्ने गरिका:

1. 1-800-914-8605 टोल फ्री नम्बरमा फोन गर्नुहोस् ।
2. चार अङ्कको पिन नम्बर रोज्न स्वचालित प्रणालीको प्रयोग गर्नुहोस् ।
3. सोसियल सेक्युरिटी नम्बर हाल्न भनिएपछि [INSERT FAKE SSN] हाल्नुहोस् ।
4. जन्ममिति हाल्न भनिएपछि तपाईंले प्राप्त गर्नुभएको पत्रमा सूचीकृत तपाईंको सबैभन्दा जेठो/जेठी बच्चाको जन्ममिति हाल्नुहोस् ।

---

**प्रश्न 23: मेरो बच्चा COVID-19 को महामारी सुरु हुनुअघि नि:शुल्क तथा शुल्क घटाइएको भोजनका लागि योग्य थिएनन् तर त्यसपछि मैले आफ्नो रोजगार गुमाएँ । के मैले P-EBT प्राप्त गर्न सक्छु ?**

जवाफ: यदि तपाईंको वित्तीय अवस्थामा परिवर्तन आएको छ भने हामी तपाईंलाई निम्न सुविधाका लागि आवेदन दिन प्रोत्साहित गर्छौं:

- 3SquaresVT सुविधाहरू। यदि तपाईंले मासिक सुविधा प्राप्त गर्नुहुन्छ भने तपाईंको बच्चा स्कुलमा नि:शुल्क भोजनका लागि योग्य हुन्छन् र तपाईंले P-EBT सुविधा प्राप्त गर्न सक्नुहुनेछ ।
- आफ्नो बच्चाको स्कुलमा सम्पर्क गरेर नि:शुल्क तथा शुल्क घटाइएको भोजन प्राप्त गर्न । तपाईंले उक्त फाराम AOE को वेबसाइट मा पनि प्राप्त गर्न सक्नुहुनेछ । यदि तपाईंको परिवार योग्य रहेको निर्धारण गरिएको छ भने तपाईं आफ्नो विद्यार्थीले हाइब्रिड वा अनलाइन पठनपाठनको मोडेलमा अध्ययन गरेका

महिनाका लागि P-EBT सुविधा प्राप्त गर्नुहुनेछ। अप्रिल 1, 2021 सम्म आफ्नो स्कुलमा बुझाइएका स्वीकृत आवेदनहरू 2020 को सेप्टेम्बरदेखि लागू हुने गरी सुविधाका लागि योग्य हुन सक्नेछन्। अप्रिल 1 पछि स्वीकृत आवेदनहरूले अहिले र आगामी महिनाका सुविधाहरूका लागि विद्यार्थीलाई योग्य बनाउनेछन्।

**प्रश्न 24: यदि मैले यो सुविधा लिन चाहिनँ भने के गर्ने ?**

जवाफ: सहभागिता स्वैच्छिक हुन्छ। यदि तपाईंले सहभागी नहुने निर्णय गर्नुभयो भने:

- तपाईंको 3SquaresVT EBT कार्डमा जारी गरिएको अतिरिक्त सुविधाहरू प्रयोग नगर्नुहोस्। *वा*
- विशेष ढङ्गमा जारी गरिएको आफ्नो P-EBT कार्डको चुम्बकीय स्ट्रिपमा काटेर र सुरक्षित रूपमा फालेर नष्ट गर्नुहोस्। तपाईं आफ्नो कार्ड अरू कसैलाई दिन पाउनुहुन्न।

**प्रश्न 25: P-EBT सुविधाहरू खर्च नगरिएमा त्यसको म्याद सकिन्छ ?**

जवाफ: सकिन्छ। यदि 274 दिनभित्र कार्ड प्रयोग गरिएन भने P-EBT सुविधाहरूको म्याद सकिन्छ।

**प्रश्न 26: मेरा थप प्रश्नहरू छन्। मैले थप जानकारी कहाँ प्राप्त गर्न सक्छु ?**

जवाफ: थप जानकारी प्राप्त गर्न https://dcf.vermont.gov/esd/covid19/P-EBT मा जानुहोस् वा 1-800-479-6151 मा फोन गरेर विकल्प 7 छान्नुहोस्। यदि नि:शुल्क तथा शुल्क घटाइएको भोजनका लागि आफ्नो बच्चाको योग्यताका बारेमा तपाईंका निश्चित चिन्ताहरू छन् वा यदि तपाईं घरमुली वा कार्ड जारी गर्न प्रयोग गरिने पत्राचार ठेगाना परिवर्तन गर्न चाहनुहुन्छ भने कृपया आफ्नो विद्यार्थी पढ्ने स्कुलमा सम्पर्क गर्नुहोस्।

## ************** समर P-EBT**************

**प्रश्न 27: समर P-EBT भनेको के हो ?**

जवाफ: यो समर (ग्रीष्मकालीन) मा स्कुल जाने बालबालिकाहरूका लागि P-EBT सुविधाहरूको विस्तार हो।

**प्रश्न 28: P-EBT सुविधाहरूका लागि को योग्य हुन्छ ?**

जवाफ: 2020-2021 स्कुल वर्षको अवधिमा योग्य रहेका र जुनसम्म भर्मोन्ट स्कुलमा भर्ना भएका विद्यार्थी भएका भर्मोन्टका परिवारहरू योग्य विद्यार्थीहरू ती हुन् जो नि:शुल्क वा शुल्क घटाइएको भोजन प्राप्त गर्न योग्य छन् वा प्रावधान 2 वा CEP मार्फत नि:शुल्क ब्रेकफास्ट तथा लन्च उपलब्ध गराउने स्कुलमा पढ्छन्।

**प्रश्न 29. मैले मेरो परिवार योग्य छ कि छैन भनेर कसरी थाहा पाउन सक्छु ?**

जवाफ: तपाईंको विद्यार्थीको स्कुलले राज्यद्वारा उपलब्ध गराइएका मापदण्डअनुसार तपाईंको विद्यार्थी योग्य छन् कि छैनन् भनेर निर्धारण गर्नेछ। स्कुलले आफूसँग फाइलमा सही जानकारी छ भनेर सुनिश्चित गर्न तपाईंलाई सम्पर्क गर्न सक्नेछ। कृपया उक्त अनुरोधको जवाफ दिनुहोला। यदि तपाईं योग्य हुनुहुन्छ भने तपाईंले कसरी र कहिले सुविधा प्राप्त गर्नुहुनेछ भनेर वर्णन गरिएको DCF बाट पत्र प्राप्त गर्नुहुनेछ।

**प्रश्न 30: यदि हामी योग्य छौं भने हामीले यी सुविधाहरू कसरी प्राप्त गर्नेछौं ?**

जवाफ: यदि तपाईंले हाल EBT कार्डमा 3SquaresVT प्राप्त गरिरहनुभएको छ भने तपाईंलाई सोही कार्डमा P-EBT सुविधा जारी गरिनेछ । यदि तपाईंले 2021 मा नै P-EBT कार्ड पाइसक्नुभएको छ भने तपाईंलाई सोही कार्डमा P-EBT जारी गरिने छ । अन्यथा तपाईंले विशेष P-EBT कार्ड प्राप्त गर्नुहुनेछ । कृपया आफ्नो P-EBT कार्ड सुरक्षित राख्नुहोस् ।

**प्रश्न 31: मैले गत स्प्रिङ (वसन्त सत्र) 2020 मा P-EBT कार्ड प्राप्त गरेको थिएँ तर मसँग अहिले उक्त कार्ड छैन । के त्यसले गर्दा कुनै समस्या आउँछ ?**

जवाफ: आउँदैन । नयाँ कार्डहरू 2021 मा जारी गरिएका छन् । यदि तपाईंले आफ्नो सुविधा विशेष P-EBT कार्डमा प्राप्त गर्दै हुनुहुन्छ भने कृपया तपाईंले प्राप्त गर्ने नयाँ कार्ड आफूसँगै सुरक्षित राख्नुहोस् । थप सुविधाहरू उक्त कार्डमा जारी गर्न सकिनेछ ।

**प्रश्न 32: समर सुविधाहरू कहिले जारी गरिनेछ ?**

जवाफ:समर P-EBT जारी हुने दुई चरणहरू छन्:

- पहिले नै नि:शुल्क/सुपथ मूल्यको भोजनहरूका लागि योग्य रहेका वा जुनसम्ममा CEP वा प्रावधान 2 स्कुलमा भर्ना भएका विद्यार्थीहरूका लागि पहिलो चरणको P-EBT सुविधाहरू जुलाई 2021 मा जारी गरिने पूर्वानुमान गरिएको छ ।
- जुन 2021 सम्ममा भर्मोन्ट स्कुलमा भर्ना भएका तर समर (ग्रीष्मकालीन) अवधिका लागि नि:शुल्क/सुपथ मूल्यको भोजनहरूका लागि योग्य रहेका विद्यार्थीहरूका लागि सुविधा सेप्टेम्बर 2021 मा जारी गरिने छ ।

**प्रश्न 33: नि:शुल्क/सुपथ मूल्यको भोजनहरूका लागि आवेदन दिने र समर P-EBT प्राप्त गर्ने प्रयोजनका लागि समर अवधि भन्नाले के बुझ्नु पर्छ ?**

जवाफ: नि:शुल्क/सुपथ मुल्यको भोजनहरूका लागि पहिले नै योग्य नभएका परिवारहरूले अगस्ट 16, 2021 सम्म जुनसुकै बेला आवेदन दिन सक्छन् र यदि योग्य पाइएमा पूर्ण समर P-EBT सुविधाहरू प्राप्त गर्नेछन् । नि:शुल्क/सुपथ मुल्यको भोजनहरूका लागि स्कुलको सत्र सकिएपछि र अगस्ट 16 वा सोभन्दा पहिले आवेदन दिने परिवारले समर P-EBT सुविधाहरू सेप्टेम्बरमा जारी हुने दोस्रो चरणमा प्राप्त गर्नेछन् । समर P-EBT प्राप्त गर्ने प्रयोजनका लागि नि:शुल्क/सुपथ मुल्यको भोजनहरूका लागि आवेदन दिने अन्तिम मिति अगस्ट 16, 2021 हो ।

**प्रश्न 34: समर P-EBT सुविधा कति मूल्य बराबरको हुन्छ ?**

जवाफ: हरेक योग्य बच्चाका लागि समर P-EBT सुविधा $375 बराबरको हुन्छ । यो एकपटक एकमुष्ट रकम दिने सुविधा हो ।

**प्रश्न 35: के परिवारमा जति जना बच्चा भए पनि सबैले समान समर P-EBT सुविधा पाउँछन् ?**

जवाफ: हरेक योग्य बच्चाको लागि समर P-EBT सुविधा $375 बराबरको हुन्छ ।

---

**प्रश्न 36: यदि मैले मेरो बच्चाको लागि हाम्रो स्कुलको *ग्र्याब एण्ड गो (Grab and Go)* बाट भोजन लिने गर्छु वा अन्य भोजन वा खाद्य कार्यक्रमको उपभोग गर्छु भने के मैले समर P-EBT प्राप्त गर्नका लागि ती कार्यहरू बन्द गर्नु पर्छ ? के त्यसले हामीलाई सुविधाका लागि अयोग्य बनाउँछ ?**
जवाफ: पर्दैन । तपाईले त्यो भोजन प्राप्त गर्दै गर्दा पनि यो सुविधाका लागि योग्य रहन सक्नुहुन्छ ।

---

**प्रश्न 37: स्कुलमा भर्ना नभएका मेरा अरू बच्चाहरू पनि छन् । के उनीहरू सुविधाका लागि योग्य हुन्छन् ?**
जवाफ: हुँदैनन् । समर सुविधाहरू लगायत बाल स्याहार P-EBT सुविधाहरूका लागि कुन बच्चाहरू योग्य हुन्छन् भनेर जान्न कृपया चाइल्डकेयर P-EBT FAQs हेर्नुहोस् ।

---

**प्रश्न 38: मेरो बच्चा जुन 2021 मा हाइस्कुलबाट ग्राजुएट भए, के मेरो बच्चा योग्य छन् ?**
जवाफ: यदि तपाईंको बच्चा जुन 2021 मा निःशुल्क/शुल्क घटाइएको भोजनहरूका लागि योग्य थिए भने तपाईंको बच्चा समर P-EBT सुविधाका लागि पनि योग्य हुन्छन् ।

---

**प्रश्न 39: मेरो बच्चा जनवरी 2021 मा हाइस्कुलबाट ग्राजुएट भए, के मेरो बच्चा योग्य छन् ?**
जवाफ: अहँ । समर P-EBT को लागि योग्य हुन बच्चा जुन 2021 भित्र भर्ना भइसकेको हुनै पर्छ । तपाईंको बच्चाले जनवरीमा नै ग्राजुएट गरेकाले उनी जुनमा भर्ना भइसकेको मानिदैन ।

---

**प्रश्न 40: समर P-EBT का लागि योग्य हुन के मेरो बच्चा समर स्कुलमा भर्ना हुनुपर्छ ?**
जवाफ: पर्दैन । बच्चा समर P-EBT का लागि योग्य छन् कि छैनन् भनेर निर्धारण गर्नका लागि समरमा स्कुल गएको हुनुपर्छ भन्ने छैन ।

---

**प्रश्न 41: के समर P-EBT सुविधाहरू खर्च नगरिएमा त्यसको म्याद सकिन्छ ?**
जवाफ: सकिन्छ । यदि 274 दिनभित्र कार्ड प्रयोग गरिएन भने P-EBT सुविधाहरूको म्याद सकिन्छ ।

---

**प्रश्न 42: मेरो बच्चा निःशुल्क तथा शुल्क घटाइएको भोजनका लागि योग्य भएका छन् तर 2020-2021 स्कुल वर्षमा उनले सीधै स्कुलमा उपस्थित भएर पढिरहेका थिए भने के मेरो बच्चा समर P-EBT का लागि योग्य हुन्छन् ?**
जवाफ: हुन्छन् । योग्यता निःशुल्क/शुल्क घटाइएको भोजनहरूका लागि योग्यतामा आधारित छ ।

---

**प्रश्न 43: मसँग समर P-EBT सम्बन्धी थप प्रश्नहरू छन् । मैले थप जानकारी कहाँ प्राप्त गर्न सक्छु ?**
जवाफ: थप जानकारी प्राप्त गर्न https://dcf.vermont.gov/esd/covid19/P-EBT मा जानुहोस् वा 1-800-479-6151 मा फोन गरेर विकल्प 7 छान्नुहोस् । यदि नि:शुल्क तथा शुल्क घटाइएको भोजनका लागि आफ्नो बच्चाको योग्यताका बारेमा तपाईंका निश्चित चिन्ताहरू छन् वा यदि तपाईं घरमुली वा कार्ड जारी गर्न प्रयोग गरिने पत्राचार ठेगाना परिवर्तन गर्न चाहनुहुन्छ भने कृपया आफ्नो विद्यार्थी पढ्ने स्कुलमा सम्पर्क गर्नुहोस् ।

VERMONT
AGENCY OF HUMAN SERVICES
DEPARTMENT FOR CHILDREN & FAMILIES

VERMONT
AGENCY OF EDUCATION